संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
खबर
राष्ट्रिय दैनिक
माझखर्क साप्ताहिकको सह-प्रकाशन

बर्ष-१७, अंक २३ असोज १२ गते मंगलबार,२०७८, September-28 Tuesday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ -४ मूल्य रु. १०/- www.majhkharka.com

स्कार्पियो गाडी चाहिएमा
सम्पर्क : ९८२७७३०४०३

राज्यले बिभेद गरेको एकल महिलाको गुनासो

❖ **मुलुकी संवाददाता**

गाईघाट, असोज ११
उदयपुरका एकल महिलाहरुले आफुहरुलाई राज्यपक्षबाटै बिभेद भएको गुनासो गरेका छन् । उदयपुरमा आयोजित '४२ औं सामाजिक सेवा दिवस ०७८'को अवसरमा उनीहरुको यस्तो गुनासो सार्वजनिक भएको हो ।

मानवअधिकारका लागि महिला एकल महिला समूहले गाईघाटमा आयोजना गरेको कार्यक्रमका सहभागीहरुले सरकार सञ्चालनका नेतृत्वकर्ताले एकल महिलाका समस्याको सही विश्लेषण नगरेकाले पनि थप पीडामा पर्नुपरेको गुनासो गरे। जनयुद्धको क्रममा राज्य र विद्रोही दुबै पक्षबाट मारिएका र घर परिवारको मुख्य अभिभावक गुमाएका परिवारलाई राज्यले कहिल्यै प्राथमिक्तामा नराखेको दुखेसो पनि उनीहरुको थियो ।

सामाजिक र आर्थिकरुपले विछिप्त भएका एकल महिलाहरुलाई राज्यले ध्यान दिनुपर्नेमा कहिले भत्ता कटौती त कहिले उमेर हदको कारण देखाएर थप पीडा दिने गरेको गुनासो उनीहरुको थियो । कार्यक्रमका सहभागीहरुले सामान्ती चिन्तनका कारण अहिले पनि एकल महिलाप्रति राज्यको दृष्टिकोण सफा नभएकाले विभेदकारी व्यवस्थाको अन्त्य गर्नुपर्ने खाँचो औंल्याएका थिए ।

कार्यक्रममा प्रदेश सांसद बिमल कार्की, अम्बिका थापा, जिल्ला प्रहरी प्रवक्ता डिएसपी बेदप्रसाद गौतम, गैसस महासंघ केन्द्रीय सल्लाहकार सृजना दनुवार, केन्द्रीय सदस्य महेश्वरी राई, त्रियुगा ११ अध्यक्ष विश्वराज भट्टराई, पत्रकार महासंघ अध्यक्ष भरत खड्का, गैसस महासंघ अध्यक्ष सुमन परियार, नेपाल नेत्र ज्योति संघ केन्द्रीय सदस्य भागवत राउत, मानव अधिकार सञ्जाल अध्यक्ष भरत खड्का, महिला मानव अधिकार रक्षक सञ्जाल अध्यक्ष माया भण्डारीलगायतले समाजमा एकल महिलाका पीडा सम्बोधन गर्न राज्यको ध्यानाकर्षण गराएका थिए ।

धर्मसंस्कृतिको नाममा पनि एकल महिलाहरु प्रताडित हुनुपरेको भन्दै वक्ताहरुले कानुनी जटिलताका कारण एकल महिलाका सन्ततिले अहिले पनि सहजरुपले नागरिकता पाउन नसकेको बताए । एकल महिलाहरुललाई सिप विकास र उत्पादनमा जोड्नु पर्ने बताउदै वक्ताहरुले त्यसले उनीहरुको दैनिकीमा सहज हुने धारणा राखेका थिए । -बाँकी ३ पेजमा-

त्रियुगा, बरुवा खोलाको ढुङ्गा, गिटी, बालुवा कसले चलाउने ?

❖ **बुद्धि कुमार राई**

उदयपुर, असोज ११
त्रियुगा नगरपालिका उदयपुरले त्रियुगा खोला, बरुवा खोला र सुनकोशी नदिबाट १ करोड २५ हजार ७ लाख रुपैया राजश्व पाउने भएको छ ।

गत भदौ महिनामा नै ३० दिनको म्याद दिएर खुलाइएको ठेक्का असोज ४ गते लागेको थियो । जसमा असोज ९ गतेदेखि २०७९ जेठ मसान्त सम्मका लागि नगरपालिकाले ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन र बिक्री बिरतणको जिम्मा ठेकेदारलाई दिएको छ । हरेक बर्ष असार १ गतेदेखि भदौ मसान्तसम्म बन्द हुने नदीजन्य पदार्थ असोज १ गतेदेखि खुलेसँगै त्रियुगा नगरपालिकाले असोज १ गतेदेखि ८ गतेसम्म ८ लाख बढी राजश्वसमेत संकलन गरेको छ ।

गुरु ढकाल
प्रमुख
राजश्व शाखा

नेपाल गणराज्यभर सरकारले ३ महिना नदीजन्य ढुंगा, गिटी, बालुवा उत्खननमा रोक लगाउने गरेको थियो । नगरपालिकाको कार्यछेत्रअन्तर्गत १२ ठाउँमा त्रियुगा नदीको ३ नम्बर पुल चुहाडेदेखि जोगीदहसम्म, बरुवा खोलाको ४ ठाउँमा ढुंगा, गिटी बालुवा निकाल्ने गरिएको छ । ठेकेदार कम्पनीले नगरपालिकाको १४ नं. साउने धाप्लाङ, बरुवा खोला, त्रियुगा नदीमा असोज ९ गतेदेखि जेठ मसान्तसम्म ८२ हजार घन मिटर नदीजन्य पदार्थ निकाल्न पाउनेछ ।

८ दिनमा नगरले ढुंगा, गिटी र ग्राबेल प्रती घनमिटर २ सय ३९ रुपैँया ५० पैसाका दरले एउटा ट्याक्टरमा दुई घनमिटरको ४ सय ८० रुपैँया राजश्व लिने गरेको छ । नगरपालिकाले असोज १ गतेदेखि ८ गतेसम्म दैनिक २ सय घनमिटरका दरले १ हजार ६ सय ढुंगा गिटी बालुवा निकालेबापत ८ लाख रुपैयाँ राजश्व संकलन गरेको राजश्व शाखा प्रमुख गुरु ढकालले बताए ।

ढुंगा गिटी बालुवाका लागि नगरपालिकाले भदौ महिनामै ३० दिनका लागि सार्बजनिक सुचना जारी गरेको थियो । जस अनुसार प्रतिस्पर्धा हुँदा मकवानपुरको हेटौंडाका राजेश बछार सञ्चालक रहेको निश्चल ट्रेडर्सले ठेक्का पाएको छ। आगामी जेठ मसान्तसम्मका लागि ठेक्का लिएको ढकालले बताए ।

उनले नगरपालिकाले न्युनतम १ करोड २५ लाखमा लगाएको ठेक्कामा निश्चल ट्रेडर्सले १ करोड २५ लाख ७ हजारमा ८२ हजार घनमिटर

-बाँकी २ पेजमा

आरके ईम्पोरियम

तुलसी बहुमुखी सहकारी संस्था लि.
द्वारा संचालित
गार्डेनमार्ट डिपार्टमेन्ट स्टोर
GRAND OPENING
त्रि.न.पा.-११, गाईघाट
२०७८ असोज १६
सम्पर्क नं. : ०३५-४२१३८३, ४२०३८३
९८५२८२२२७३/९८५२८२२२७४
25% CLOTHES ITEMS
20% SHOES
15%
15% ELECTRONICS & KITCHEN APPLIANCES
2%

मुलुकी दैनिकको मारि

मुलुकी दैनिक पत्रि
बितरकलाई पठाईदिन हुन ज

थप जानाक

सम्पादकीय...

आहा गाइघाट बजार

चिटिक्क परेको बर्गाकार रुमाल जस्तो गाइघाट बजार। अझ उदयपुर जिल्लाको सदरमुकाम गाइघाट बजार भएकोले पनि यस बजार छेत्रमा अबस्थित त्रियुगा नगरपालिकाको नाक नै ठाडो भएको छ। ठूलो छेत्रफल ओगटेको त्रियुगा नगरपालिकाको वडा नम्बर ११ स्थित गाइघाट बजारलाई मदनभण्डारि लोक मार्गले बिच भागबाट नै काटेर गएको छ। गाइघाट बजारलाई सुन्दर, हराभरा बनाउन त्रियुगा नगरपालिका वडा नम्बर ११ का वडाध्यछ बिश्वराज भट्टराई तनमन दियर काममा लागेका छन। उनिले बोलेका कति कुराहरु पुगिरहेका छैनन। उनले भनेको कुरा गाइघाट बजारको पिपलको रुख काटछाट गरेर त्यो चोउतारिको पुन निर्माण पहिले नै गर्छु भनेका थिय अझै भएन। गाइघाट बजार छेत्रको सिसि क्यामेरा, बजार छेत्रमा डस्बिन राख्ने कुरा कुरामा नै सिमित भए।

हुदा र सक्दा उनी गाइघाट बजारको मुटुको वडाध्यछ भएका कारण आगामी चुनाबमा उनी मेयर का दाबेदार हुन। तर उनले आफ्नो छमता देखाउन सकेनन। मेयर बलदेब चौधरी पाटी बिभाजनले उतै ब्यस्त भए। उपमेयर देबि चौधरी काङ्गेस को चुनाबमा भ्याइ नभ्याइ छिन। कर्मचारी आ - आफ्नै तालमा। महिना दिन बढी भयो त्रियुगा नगरपालिका प्रमुख प्रशासकिय अधिकृत बिहिन निमित्त को भरमा चलेको। कार्यालयका राजश्व प्रमुख गुरु ढकाल भन्छन अझै हामी कडाइ गर्दैछोउ। त्रियुगा नगरपालिकाले चाहाने हो भने गाइघाट बजार एक दिनमा सफाइ हुनेछ। सडकपेटिमा पैदलयात्रु बाहेक केही हुनेछैन। किन कि राज्यले लाखौं खर्च लगायर पैदलयात्रुलाई सहज तरिकाले हिड्न बनाइदिएको सडक हो। यो पैदलयात्रुको अधिकार हो। हरित गृह, सुन्दर सहरको नाम मा बिच सडक र सडक छेउमा झार जङ्गल हुर्कन दिनु सुन्दर सहर होइन। बजार छेत्रको नाली माथी ढकन स्ल्याप लगाउनु नगरपालिकाको जिम्मेवारी हो। बजार छेत्रको सडक नाली, सरसफाइ गर्नु नगरपालिका स्थानिय टोल सुधार समितिको जिम्मेवारी हो।

गाइघाट बजारको बिधुत मार्ग, बैङ्कलाइन को सडक छेउको स्थानिय घर वाला र पसलवाला अबुझ हुन कि बुझक हुन। सडकपेटिमा सामान राख्नु कति उचित हो ? नगरपालिकाले ती सडकपेटिमा सामान राख्न दिनुमा के कति लेनदेन छ र कारबाही नगरी छाडेका हुन। बजार छेत्रमा सडकपेटिमा फलफुल तरकारी बेच्नेलाइ ब्यबस्थित गर्न नसक्नु कसको कमजोरी हो ? पुरानो गाइघाटको तरकारी बजार लाइनमा तरकारी, फलफुल बिक्री नै हुदैन कि किन त्यहा व्यापार नगरेका हुन ? बजार छेत्रमा सडकपेटिमा सामान राखेर सडक अबरुद्ध गर्ने हरुलाइ ब्यबस्थित ठाउमा एकै ठाउमा राखेर भाडा उठाउन नगरपालिका सक्छ कि सक्दैन ? बिधुत मार्गको पुरानो प्रहरी चोउकी बसेको जग्गा या मुख्य चोकदेखि पिपल चोक सम्म को छेत्रमा रहेको बिच भागमा रहेको खाली जग्गामा भाडामा लियर सबै फलफुल तरकारी पसल बेच्न किन नसकेको हो ? बिकल्प सहित समाधान को उपाय दिदा पनि सडक पेटि सफाइ नहुनुमा दोषी को हो ? र पनि भन्नू परेको छ वाहा गाइघाट वाहा। कति राम्रो सुन्दर गाइघाट बजार।

गाइघाटमा गार्डेन डिपार्टमेन्ट सन्चालन हुने

मुलुकी संवाददाता
उदयपुर, असोज ११

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारमा गार्डेन डिपार्टमेन्ट संचालन हुने भएको छ। आगामी असोज १६ गतेदेखि डिपार्टमेन्ट स्टोर खुल्ने भएको हो। तुलसी बहुमुखी सहकारी संस्था लिमिटेडको संचालनमा गार्डेमार्ट डीपार्टमेन्ट स्टोर' सुरु हुन लागेको हो।

१५ करोड लगानीमा सञ्चालन हुँने डीपार्टमेन्टका लागि सम्पूर्ण पूर्वाधार र भौतिक तयारी पूरा भइसकेको शाखा प्रबन्धक सीताराम अधिकारीले बताए। गाइघाटस्थित हिमालीटोल हाल तुलसी बहुमुखी सहकारी संस्था रहेकै भवनमा डीपार्टमेन्ट पनि सञ्चालन हुने भएको हो।



असोज १६ गतेकै दिन उदयपुर जिल्लाको गाईघाटसँगै झापा जिल्लाको दमक, बाग्लुङ, चितबन जिल्लाको टाँढी र ललितपुर जिल्लाको स्थित थैबमा समेत एकैपटक पाँचवटा सहरमा गार्डेनमार्ट डीपार्टमेन्ट उद्घाटन गर्ने कार्यक्रम रहेको छ। २०७१ सालमा स्थापना भएको तुलसी बहुमुखी सहकारी सस्थाबाट संचालित यस्ता डिपार्टमेन्ट स्टोर यसअघि ढडेल्धुरा, भक्तपुर, दाङ, कीर्तिपूर, सुर्खेत, पोखरा, महाराजगञ्ज लगायत गरी आठ सहरमा शाखा खुलीसकेको छ। असोज १६ गते खुल्ने थप ५ शाखा सहित गार्डेन डिपार्टमेन्ट स्टोर देशभर १३ वटा शाखा हुनेछ। उदयपुर जिल्लाको सदरमुकाम गाइघाट बजारमा यस अघि २०६९ साल देखि संचालनमा आएको सगरमाथा डिपार्टमेन्ट स्टोर १० बर्ष अघि देखि निरन्तर संचालनमा आइ सेवाग्राहीले सेवा पाइरहेको छ। गाइघाटमा २०७० सालतिर ग्लोबल डिपार्टमेन्ट स्टोर बिशालबजारको माथिल्लो तलामा, कालिका डिपार्टमेन्ट स्टोर पिपलचोक नालाण्डा होटल सङ्गै, र अर्को एक डिपार्टमेन्ट स्टोर संचालन भएको थियो।

ती मध्ये २०६९ साल वैशाख १ गतेदेखी सन्चालनमा आएको सगरमाथा डिपार्टमेन्ट स्टोर मात्र अहिले नियमित सन्चालनमा रहेको छ भने ग्लोबल डिपार्टमेन्ट स्टोर नाम परिबर्तन गेरर लछ्मी डिपार्टमेन्ट स्टोर नाम बाट बिधुत मार्ग लाइनमा संचालन मा छ। ती बाहेक अन्य दुई डिपार्टमेन्ट स्टोर कालिका र अर्को एक डिपार्टमेन्ट स्टोर भने बन्द नै भइसकेको छ।

त्रियुगा...

नदिजन्य सामान उठाउन पाउने छुन। नगरपालिकाले पाउने १ करोड २५ लाख ७ हजार राजश्वको ४० प्रतिशत रकम सम्झौता गर्ने समय र बाकी ६० प्रतिशत रकम बैशाख मसान्तसम्म चुक्ता गर्ने गरि बैङ्क ग्यारेन्टी गर्ने प्रक्रिया रहेको ढकालले जानाकारी दिए। ठेक्का सम्झौता अनुसार निश्वचल ट्रेडर्सले ८२ हजार घनमिटर ढुङ्गा, गिटि, बालुवा निकाल्न पाउने र त्यसको निगरानी नगरपालिकाको अनुगमन टोलीले गर्ने राजश्व प्रमुख ढकालले बताए। उनका अनुसार नगरपालिकाले प्रत्येक महिना ठेक्का लिएको कम्पनी सङ्ग मासिक रुपमा कति ढुङ्गा गिटि प्रयोग गर्यो भन्ने मासिक रिपोट लिने नगरपालिकाले जनाएको छ।

गाईघाट बजारमा असोज खुद्रातरकारी बजार भाउ।

१,	आलु	रु ४०
२,	अदुवा	रु १२०
३,	टमाटर	रु ४०
४,	बन्दा	रु ४०
५,	भेन्टा	रु १००
६,	खुर्सानी	रु १६०
७,	मुला	रु ६०
८,	पर्बल	रु १००
९,	तितेकरेला	रु १००
१०,	भिन्डी	रु ६०
११,	च्याउ	रु २४०
१२,	काउली	रु १६०
१३,	फर्सी	रु ५०
१४,	कटहर	रु ४०
१५,	काँक्रा	रु ५०
१६,	धनियाँ	रु १००
१७,	लोकल बोडी	रु १४०
१८,	खर्बुजा	रु ४०
१९,	रायो साग	रु २००
२०,	लट्टे साग	रु १२०
२१,	प्याज	रु ६०
२२,	निगुरो	रु ६०
२३	दुध	रु. ७०
२४,	दही	रु ९०
२५,	मोही	रु ५०
२६,	घ्यु	रु ७००
२७,	राँगाको मासु	रु ४००
२८,	बंगुरको मासु	रु ४००
२९,	खसीको मासु	रु १,०००

हिमाली यातायात व्यवसायी संघ
प्रधान कार्यालय गाईघाट उदयपुर

गाईघाटदेखि अन्य ठाउ जाने बसहरुको

गाईघाट-कदमाहा	८७.४९
गाईघाट-लहान	१००.९५
गाईघाट-रुपनी	१५९.८६
गाईघाट-राजबबीराज	१८५.०९
गाईघाट-ईटहरी	३३७.९२
गाईघाट-धरान	३७१.२०
गाईघाट-बीराटनगर	३८२।७२
गाईघाट-बीर्तामोड	५३८.४८
गाईघाट-काकडभीठा	५५६.८०
गाईघाट-मींचैया	१६८.२७
गाईघाट-कटारी	२५२.४०
गाईघाट-ढल्केवर	२६०.८३
गाईघाट-जनकपुर	३०१.३१
गाईघाट-चन्द्रनीगाहपुर	३९५.४४
गाईघाट-पथलैया	५०४.८२
गाईघाट-बीरगन्ज	५८०.१०
गाईघाट -हेटौडा	५९६.९
गाईघाट -नारायणघाट	७४०.४२
गाईघाट- काठमाण्डौं	११३९.७
गाईघाट - पोखरा	१०९०.२१
गाईघाट-जलजले चुहाडे	४४.८०
गाईघाट-कालीखोला	६४.००
गाईघाट-होक्से	७६.८०
गाईघाट -नाम्जे	८९.६०
गाईघाट-कौवाई	११५.२०
गाईघाट -मुर्कुची	१२८.००
गाईघाट-अधेरी	१५३.६०
गाईघाट -फर्से	१६६.४०
गाईघाट -देउराली	१७९.२०
गाईघाट -नेपालटार	१९२.००

राज्यले...

एकल महिला समुहकी अध्यक्ष शोभा दाहालले राज्यका निकायमा एकल महिलाको प्रतिनिधि सुनिश्चित गर्न आरक्षणको व्यवस्था गर्नुपर्ने माग गरिन्। आफु २२ वर्षको उमेरमा एकल महिला हुँदाको पीडा सुनाउँदै दाहालले राज्यको व्यवस्था परिवर्तन भए पनि लोकतन्त्र गणतन्त्र आए पनि एकल महिलामैत्री नीति भने कहिल्यै नबनेको गुनासो गरिन्।

घर चलाउने, कमाउने श्रीमानको मृत्युको पीडा सहन कति गाह्रो हुनछ भन्ने अनुभव गरेको भन्दै उनले त्यसमाथिससाना सन्ततिको शिक्षा, स्वास्थ्य र लालनपालन गर्नुको समस्याले थप पीडा भोग्नुपरेको उनले बताईन्। यस्तो अवस्थाका एकल महिलालाई राज्इले सामाजिक सुरक्षा भत्तासमेत खोस्ने गरेर थप पीडा दिएको उनको दुखेसो थियो। मुलुकको परिवर्तनका लागि सहादत प्राप्न गरेका वीर सहिद्धरुले हाँसीहाँसी परिवार त्याग्न तयार भए पनि तिनै सहिदहरुप्रति राज्यले गरेको उपेक्षा निन्दनीय भएको एकल महिला समूहकी उपाध्यक्ष टोटला दाहालले बताईन्।

उनले विभेदकारी व्यवस्थाका कारण एकल महिलाहरु अझै पुराना रितिरिवाज र संस्कारसंस्कृति मान्न बाध्य हुनु परेको बताईन्। कार्यक्रममा एकल महिलाको समुह गठनदेखि लिएर अभियानलाई मजवुद बनाउन सहयोग गर्ने सामुदायिक विकास तथा परिवर्तन केन्द्रका पुर्व अध्यक्ष माधवप्रकाश पराजुली र महासचिब राजु तुलाधारलाई दोसल्ला र प्रमाणपत्रले सम्मान गरिएको थियो। संस्थाकी सचिव कल्पना ढकाल राईले संस्थाले हालसम्म गरेका गतिबिधि र प्रगति प्रतिवेदन सार्वजनिक गरेकी थिइन् भने आर्थिक प्रतिवेदन कोषाध्यक्ष सानुमैया कार्कीले प्रस्तुत गरेकी थिईन्।

सचिव ढकाल राईले २०६५ देखि सञ्चालनमा आएको संस्था स्थानीय प्रशासनमा १ वर्षअघि दर्ता भएको बताईन्। उनले स्थापनाकालदेखि हालसम्म एकल महिलाका लागि रंगिन होली, आयआर्जन सम्बन्धि कृयाकलाप, सिपमुलक तालिम, चमेनगृह सञ्चालन जस्ता कार्यक्रम सञ्चालन गरिएको बताईन्।

एमसीसी सहमतिमा मात्र पास हुन्छः मन्त्री खड्का

मुलुकी संवाददाता
उदयपुर, असोज ११

नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा परराष्ट्रमन्त्री डा. नारायण खड्काले बहुचर्चित अमेरिकन सहयोग मिल्लेनियम च्यालेन्च कर्पोरेशन (एमसीसी) राष्ट्रिय सहमतिबाट मात्र लागू हुने बताएका छन्। संयुक्त राष्ट्रसंघीय महासभामा भाग लिन अमेरिका पुगेका परराष्ट्रमन्त्री खड्काले सोमाबर साँझ सो कुरा बताएका हुन्।

मन्त्री खड्काले सामाजिक सञ्जाल फेसबुकमा एमसीसी राष्ट्रहितमा भए मात्र लागू गर्ने र त्यसका लागि सबै राजनीतिक दलहरुको सहमति आवश्यक हुने बताएका छन्। अमेरिका भ्रमणको क्रममा एमसीसीबारे आफुले बोलेका कुरालाई तोडमरोड गरी अर्को अर्थ लाग्नेगरी सञ्चारमाध्याममा आएका कुराप्रति ध्यानाकर्षण भएको भन्दै मन्त्री खड्काले त्यसकाले फेसबुकमा प्रष्ट्याएका छन् ‘एमसीसी राष्ट्रिय सहमती भए लागू गर्ने तर, देशको हितमा छैन भने लिनैपर्न भन्ने बाध्यता छैन।’

आईतबारको अमेरिकाको न्यूयोर्कमा आयोजित विभिन्न दलका प्रतिनिधि, राजदुतावासका कर्मचारीसमेतको उपस्तिथीमा आयोजित कार्यक्रममा राखेको आफ्नो यस्तो धारणालाई नेपालका सञ्चारमाध्याम तथा सामाजिक सञजालहरुमा दलीय पूर्वाग्रह राखेर गलत तरिकाले प्रस्तुत गरेको भन्दै त्यसबाट उत्पन्न भ्रमको पछि नलाग्न खड्काले आग्रह गरेका छन्। गलत तरिकाले गरिएको प्रचारले जनतामा नराम्रो भ्रम सिर्जना गरेको भन्दै त्यसमा कुनै सत्यता नभएको जिकिर उनले सञ्जालमा गरेका छन।

‘एमसीसी नेपालले मागेको कार्यक्रम हो, यसमा सबै दलबाट प्रधानमन्त्री भएकाहरु कुनै न कुनै रुपमा संलग्न हुनुहुन्थ्यो अहिले हामीले सोधेको प्रश्नको जवाफ पनि एमसीसीले दिएको छ’ डा. खड्काले न्युयोर्कमा भनेको दावी गरेका छन् ‘सामाजिक सञ्जालमा एमसीसीका बुँदाहरु यतिवेला आएर संसोधन गर्न नमान्ला, यसमा राष्ट्रिय सहमति हुन्छ भने लियौ, हाम्रो हितमा छैन भने लिनैपर्छ भन्ने छैन।’

मन्त्री खड्काले आफुले बोलेको यति कुरालाई बंग्याएर बिभिन्न सञ्चारमाध्याम तथा सामाजिक सञ्जालमा भएका अनर्गल प्रचारको पछि नलाग्न उनको आग्रह छ। समाचार र सामाजिक सञ्जालमा भनेजस्तो हल्लाको पछाडि नलाग्न नेपाली जनतालाई खड्काको आग्रह छ

गाईघाट–काठमाडौं सुमो सेवा
प्रो. गणेश भट्टराई
९८४२८२५९७४
९८१४७२४६२९
अभिषेक
९८१४७३६४२०
दैनिक सेवा
गाईघाट सम्पर्क
९८४२९१४४०२
९८०५९९६७००
facebook/Ganesh Khatri बाट पनि टिकट काटिनेछ ।
काठमाडौं बाट खुर्कोट सिन्धुली बर्दिबास लाहान गाईघाट मुर्कुची जोगीदह हडिया बेल्टार शिवाई रामपुर फत्तेपुर
साथै नेपाल भरी गाडी रिजर्भमा चाहिएमा सम्पर्क गर्नुहोला ।

प्रियंका फैन्सी पसल
तिजको नयाँ डिजाइनको सारी, कुर्ता, सुरुवाल पाईन्छ !
यहाँ सुपथ मुल्यमा कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, मेस्ट, बच्चाको कपडा सेट लगायत अन्य विभिन्न डिजाइनका कपडाहरु पाइन्छ ।
स्थान - गाईघाट मेनचोकको पूर्वपट्टि साइड । सम्पर्क - ९८४२०८५६६८

इभा निशा कष्मेटिक पसल
यहाँ मेलानी, फिटमे मेब्लिन रेश्लोन ओफ्लेम ब्राण्डका बिदेशी तथा स्वदेशी सामानहरु सुपथ मुल्यमा पाउनुका साथै बेहुलीलाई श्रृङ्गार, मेकअप पनि गरिन्छ ।
९८६२८३४३३४
सम्पर्क - त्रिनपा-११ गाईघाट बजार मेनचौक बिशाल बजार अगाडी

उदयपुर सगरमाथा A/C
AIR BUS
आउँदा जाँदा हामीलाई सम्झनुहोस ।
कमल सुबेदी
9842845483
9803577260
9813138453
होम कुमार बस्नेत
9813805624


HOTEL RN
&
LODGE
HOTEL RN LODGE
Triyuga Municipality-11 Gaighat
ROOM AC/NON AC

नेपाल ओमनसँग पराजित

❖ **बिबेक राई**

काठमाडौं, असोज ११

नेपाली पुरुष राष्ट्रिय फुटबल टोलीले खेलेको मैत्रीपूर्ण खेलमा ओमनसँग ७-२ ले पराजित भएको छ। आईतबार राति ९:४५ बजे सुरु भएर मध्यराति सकिएको खेलमा नेपाल पराजित भएको हो । कतारको राजधानी दोहास्थीत कतार विश्वविद्यालयको मैदानमा भएको खेलमा नेपाल उक्त फराकिलो अन्तरले पराजित भएको हो। नेपाल भारि अन्तरले पराजित भएपनि दुई गोल फर्काउन भने सफल रह्यो । नेपालको तर्फबाट डिफेन्डर अनन्त तामाङ र फरवार्ड आयुष घलानले एकएक गोल फर्काएका थिए ।

यद्यपि यस खेललाई फिफाले अन्तरार्ष्ट्रिय मैत्रीपूर्ण खेलको लागि मान्यता दिइहालेको भने छैन । विशेषगरि नेपालका लागि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीको पहलमा यस खेल सम्भव भएको थियो । उसो त फिफा वरियतामा पनि ओमन नेपालभन्दा ९० स्थान माथि छ । फिफा वरियतामा नेपाल १६८ औँ स्थानमा छभने ओमन ७८ औँ स्थानमा छ। फिफा वरियतामामात्र नभएर ओमन नेपालमाथि अहिलेसम्मको सबैखाले भेटमा बलियो सावित हुँदै आएको छ ।

अहिलेसम्म भएको सबैखाले भेटमा नेपाल पराजितमात्र भएको हुनाले पनि नेपालले बराबरीमात्र गर्न सकेको भएपनि ठुलो उपलब्धि हुन सक्थ्यो। पराजित नै भएपनि नेपालको ओमनविरुद्ध यो नै सबैभन्दा फराकिलो हार भने होइन। १९८४ मा साउदी अरबमा भएको एएफसी एशियन कप छनौटमा नेपाल ८-० ले पराजित भएको थियो । यो नै नेपालको ओमनविरुद्धको अहिलेसम्मको सबैभन्दा फराकिलो अन्तरको हार हो। रोचक कुरा यो नै नेपाल र ओमनबीचको पहिलो औपचारिक भेट थियो ।

> *फफाले अन्तरार्ष्ट्रिय मैत्रीपूर्ण खेलको लागि मान्यता दिइहालेको भने छैन । विशेषगरि नेपालका लागि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीको पहलमा यस खेल सम्भव भएको थियो । उसो त फिफा वरियतामा पनि ओमन नेपालभन्दा ९० स्थान माथि छ । फिफा वरियतामा नेपाल*

हुन त नेपाल र ओमनबीचको पहिलो भेट १९८२ मा पाकिस्तानले आयोजना गरेको एक अन्तरार्ष्ट्रिय कपमा भएको थियो । त्यतिबेला नेपाल १-० ले पराजित भएको थियो । तर यो यसलाई स्थानीय प्रतियोगिता करार दिइएपछि यो नेपाल र ओमनबीचको पहिलो औपचारिक भेटमा गणना हुँदैन । गणना गर्ने खालको गरि अहिलेसम्म नेपाल र ओमनबीच १० पटक भेट भएको छ र सबै भेटमा नेपाल पराजित नै भएको छ । आईतबारको खेलपछि नेपालले ओमनविरुद्ध गोल भने थप्न सकेको छ ।

नत्र यसअघि भएको सबैखाले भेटमा गरि नेपालले ओमनविरुद्ध एक गोलमात्र गर्न सकेको थियो।१९९६ मा खेलेको एशियन कप छनौटको दुईखेलमध्ये दोस्रो खेलमा नेपाल २-१ ले पराजित भएको थियो । त्यतिबेला ८७ औँ मिनेटमा हरि खड्काले नेपालको तर्फबाट एक गोल गरेका थिए । यो नै नेपालको ओमनविरुद्ध पहिलो र अहिलेसम्मको एकमात्र गोल थियो । तर आईतबार नेपालले ओमनविरुद्ध थप दुई गोल थप्न सक्यो। विश्वकप छनौट खेलिरहेको हुनाले पनि ओमन नेपालसँग मैत्रीपूर्ण खेल खेल्न राजी भएको हो ।

आउँदो वर्ष कतारमा हुने विश्वकप छनौटको लागि ओमन अहिले एशियाली क्षेत्रबाट अन्तिम तथा तेस्रो चरणमा छ । त्यसैको लागि थप अभ्यास हुने भन्दै ओमन मैत्रीपूर्ण खेलको लागि राजी भएको थियो । नेपालले भने आउँदो साफ च्याम्पियनसिपको लागि अन्तिम तयारिस्वरुप यस मैत्रीपूर्ण खेल खेलेको हो । खेलअघि नै कुवेती प्रशिक्षक अल्मुताइरीले नेपालको लागि यो साफ तयारिको लागि अन्तिम पाठ तथा सिकाइ हुने कुरा बताएका थिए। साफकै लागि भनेर नेपालले पहिलादेखि तयारि गरिरहेको छ ।

त्यसैको लागि चरणबद्ध खेलाडी घटाउँदै बलियो टोली बनाउँदै आइएको छ। नेपालमै भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेर थप बन्द प्रशिक्षणको लागि नेपाली टोली कतार गएको थियो। कतारमा २५ बाट २३ सदस्यीय अन्तिम टोली छनौट गरेर नेपालले ओमनसँग मैत्रीपूर्ण खेल खेलेको थियो । ओमनसँगको खेलपछि नेपाली टोली १३ औँ साफ खेल्नु सोमबार नै माल्दिभ्स पुगिसक्केको छ। कुनैबेला नेपाललाई वर्षौसम्म गोलको खडेरी हुने गरेकोमा अल्मुताइरी आएपछि कम्तीमा गोल निस्कन थालेको भन्दै प्रशंसा हुने गरेको छ ।

सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना
लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय

बिके किराना पसल
३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरूको सेवामा समर्पित......
प्रोपाइटर
स्थानः त्रिनपा–१ गाईघाट, असारी रोड

सरिता काष्ठ फर्निचर उद्योग
यहाँ, झ्याल, चौकस, पल्ला, दराज, सोफा डाईनिङ, पलङ लगायत फर्निचरका सम्पूर्ण अर्डर आइटमहरू बनाइन्छ ।

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट